# जुगल गाउँपालिका

# स्थानिय राजपत्र

| | | |
|---|---|---|
| खण्ड :-५ | संख्या :- ८ | कार्यपालिकाबाट स्वीकृत मिति :- २०७९।०६।३१ |

## भाग-२(घ)

## जुगल गाउँपालिका अन्तर्गतका आधारभूत स्वास्थ्य सेवा केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश नेपाल

# जुगल गाउँपालिका अन्तर्गतका आधारभूत स्वास्थ्य सेवा केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९

प्रस्तावना : नेपालको संविधानको धारा ३५ तथा जनस्वास्थ्य सेवा ऐन २०७५ को दफा ३,४ मा उल्लेखित आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने प्रत्येक नागरिकको हकलाई कार्यान्वयन गरी गाउँपालिकाको नागरिकहरुमा आधारभूत स्वास्थय सेवाको पहुच पुयाउने उद्देश्य र कानुनी व्यवस्थालाई कार्यान्वयन गर्नेका लागि जुगल गाउँपालिकाको प्रशासकिय कार्याविधि नियमित गर्ने ऐन २०७५ को दफा(४) बमोजिम गाउँ कार्यापालिकाले यो कार्याविधि निर्माण गरी जारी गरेको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

**१. संक्षिप्त नाम :** यो कार्यविधिको नाम 'जुगल गाउँपालिका अन्तर्गतका आधारभूत स्वास्थ्य सेवा केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९' रहेको छ ।

**२. प्रारम्भ :** यो कार्यविधि जुगल गाउँपालिकाको कार्यपालिका बैठकबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

**३. परिभाषा :** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "कार्यविधि" भन्नाले जुगल गाउँपालिका अन्तर्गतका आधारभूत स्वास्थ्य सेवा केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९ सम्झनु पर्छ ।

(ख) "स्वास्थ्य संस्था" भन्नाले आधारभूत स्वास्थ्य सेवा केन्द्र सम्झनु पर्छ ।

## परिच्छेद-२

## व्यवस्थापन तथा सञ्चालन

**४. व्यवस्थापन तथा सञ्चालन :** (१) स्वास्थ्य संस्थाबाट गुणस्तरीय स्वास्थ्य प्रवाह गर्न आवश्यक औषधि तथा सर्जिकल सामाग्रीहरु, कर्मचारीहरु तथा आमा सुरक्षा कार्यक्रम अन्तर्गत सेवाग्राही महिलाले प्राप्त गर्ने यातायात खर्च, उत्प्रेरणा रकम तथा स्वास्थ्य संस्थाले प्राप्त गर्ने इकाई मूल्यका लागि आवश्यक सम्पूर्ण बजेट जुगल गाउँपालिकाले व्यवस्था गर्नेछ ।

(२) आधारभूत स्वास्थ्य सेवा प्रवाह गर्दा कम्तीमा देहाय बमोजिमका स्वास्थ्य सेवाको समुचित व्यवस्था हुनेछ ।

- परिवार नियोजन
- गर्भवती तथा शिशु जाँच
- साधारण प्रसुती
- नवजात शिशु सेवा
- डट्स सेवा
- पोषण
- मानसिक स्वास्थ्य
- नसर्ने रोगहरुको परामर्श तथा स्क्रिनिंग
- औषधी वितरण
- स्वास्थ्य प्रवर्द्धन
- सामान्य उपचार

(३) आधारभूत स्वास्थ्य सेवा प्रवाह गर्न आवश्यक जनशक्ति जुगल गाउँपालिकाद्धरा स्वीकृत सांगठनिक संरचना र दरबन्दी तेरीजलाई आधार मानी देहाय बमोजिमका कर्मचारीहरुको पदपूर्ति गरिने छ।

| **क्र.सं.** | **पद** | **तह** | **सेवा** | **संख्या** | **कैफियत** |
|---|---|---|---|---|---|
| १. | हेल्थ असिष्टेण्ट | पाँचौ | हे.ई. | १ | |
| २. | अ.हे.व. | चौथो | हे.ई. | २ | |
| ३. | अ.न.मी. | चौथो | क.न. | २ | |
| ४. | ल्याब असिष्टेण्ट | चौथो | मे.ल्या.टे. | १ | |
| ५. | कार्यालय सहयोगी | श्रेणीविहिन | | १ | |
| **जम्मा संख्या** | | | | **७** | |

(४) आमा सुरक्षा कार्यक्रम अन्तर्गत सेवाग्राही महिलाले प्राप्त गर्ने यातायात खर्च, उत्प्रेरणा रकम तथा स्वास्थ्य संस्थाले प्राप्त गर्ने इकाई मूल्य 'आमा तथा नवजात शिशु सुरक्षा कार्यक्रम निर्देशिका २०७८' मा उल्लेख भए बमोजिम हुनेछ।

(५) स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति देहाय बमोजिम ७ सदस्यीय हुनेछ।

| | | |
|---|---|---|
| | गाउँपालिका अध्यक्ष | संरक्षक |
| **१** | गाउँपालिकाभित्र पर्ने आधारभूत स्वास्थ्य सेवा केन्द्र अवस्थित वडा अध्यक्ष | अध्यक्ष |
| **२** | समितिले मनोनित गरेको निर्वाचित महिला सदस्यहरु मध्येबाट एक जना | उपाध्यक्ष |
| **३** | आधारभूत स्वास्थ्य सेवा केन्द्र रहेको क्षेत्रको विद्यालयका प्रमुख/प्राचार्य मध्येबाट एक जना महिला | सदस्य |
| **४** | स्थानीय व्यापार संघको प्रतिनिधि एक जना | सदस्य |
| **५** | समितिबाट मनोनित स्वास्थ्य क्षेत्रको जानकार महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरु मध्येबाट एकजना ( | सदस्य |

| | | |
|---|---|---|
| | आधारभूत स्वास्थ्य सेवा केन्द्र अवस्थित वडा स्थायी ठेगाना भएको) | |
| ६ | वडा कार्यालयका सचिव | सदस्य |
| ७ | आधारभूत स्वास्थ्य सेवा केन्द्र प्रमुख | सदस्य सचिव |

## परिच्छेद-३

## निर्देशन, परिचालन तथा समन्वय

**५. निर्देशन, परिचालन तथा समन्वय :** स्वास्थ्य संस्था प्रमुखको रुपमा हे.अ. (पाँचौ तह) रहने छ र निजले सो स्वास्थ्य संस्था कर्मचारीहरुलाई परिचालन गर्नेछ । सो स्वास्थ्य संस्था जुगल गाउँपालिका कार्यालयको मातहतमा रहनेछ र सो स्वास्थ्य संस्थाका सबै कर्मचारीलाई आवश्यक निर्देशन दिने, परिचालन गराउने, अनुगमन तथा सुपरिवेक्षण गर्ने कार्य जुगल गाउँपालिका कार्यालयले गर्नेछ । गाउँपालिका कार्यालयबाट अनिवार्य रुपमा अनुमति लिई सो स्वास्थ्य संस्थाले आफ्नो वडाका वडा कार्यालय, विद्यालय तथा स्वास्थ्य तर्फका सहयोगी संघ संस्थासंग समन्वय गरि स्वास्थ्य सम्बन्धी क्रियाकलापहरु गर्न सक्नेछ ।

## परिच्छेद-४

## तथ्यांक अद्यावधिक तथा प्रतिवेदन

**६. तथ्यांक अद्यावधिक तथा प्रतिवेदन :** सो स्वास्थ्य संस्थाले प्रत्येक महिना स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली र आपूर्ती व्यवस्थापन सूचना प्रणलीमा तथ्यांक अद्यावधिक गरी मासिक प्रतिवेदन अनिवार्य रुपमा गर्नुपर्नेछ र सो प्रणालीमा उल्लेख भएका क्रियाकलाप बाहेकका हरेक स्वास्थ्य सम्बन्धि क्रियाकलापहरुको प्रतिवेदन अनिवार्य रुपमा जुगल गाउँपालिका कार्यालयलाई बुझाउनु पर्नेछ ।

## परिच्छेद-५

## विविध

७ कार्याविधि संशोधन : यस कार्याविधि कार्यान्वयनको क्रममा कुनै बाधा अवरोध र अस्पष्टता भएमा त्यस्तो बाधा अडचन फुकाउने प्रयोजनको लागि कार्यापालिकाले आवश्यकताको अनुसार संशोधन गर्न सक्नेछ ।

८. प्रचलित कानुन बमोजिम हुने : यस कार्याविधिकोकुनै प्रावधान प्रचलित कानून बमोजिम एवम् ऐन संग बाझिएमा बाझिएकोहद सम्म अमान्य हुनेछ ।

आज्ञाले

प्रमुख प्रशासकिय अधिकृत